हो, हाम्रो निम्ति परमेश्वरको सिंहासन सामु उहाँ उभिनुहुन्छ ! मेरा लागि त्यो ज्ञान नै पर्याप्त छ ! न्वाय आदमस्, *द सान्ट्युरी,* पृ. ७१।

**चिन्तनमननः**

क. येशुको आगमन पूर्व भैरहेको न्याय प्रणालीमा उहाँ पवित्र मन्दिरमा मुख्य पूजारी भएर उभिनु भएको छ भन्ने हाम्रो धारणामा कस्तो तालमेल देखिन्छ? पवित्र स्थानको हाम्रो सन्देशमा वर्तमान भइरहेको न्याय प्रणाली एक महत्त्वपूर्ण भाग हो भनेर हामी किन मान्छौं? अझ अर्को महत्त्वपूर्ण कुरा त परमेश्वरले गर्ने हाम्रो न्याय प्रक्रियामा, येशु हाम्रो सट्टामा उभिनुभएको छ भन्ने विश्वास पनि हाम्रो धर्म दर्शनको एक भाग हो भनेर अरूलाई कसरी विश्वास दिलाउने?

ख. तपाईंको आफ्नै निम्ति येशु मुख्य पुजारी भएर पैरवी गरिरहनु भएको छ भन्ने यथार्थलाई तपाईंले कसरी लिनुहुन्छ? तपाईंको आत्मिक जीवनमा यो शिक्षा कस्तो फाइदमूलक भएको छ, त्यसको केही अनुभूतिहरू तपाईंसँग छ जुन अरूलाई बाँड्न सकिन्छ?

यस अध्यायलाई पुनरावलोकन गर्नुहोस् र येशु हाम्रो मुख्य पुजारी हुनुभएकोले हामीलाई के के फाइदाहरू छन् भन्ने सूची बनाउनुहोस्। हाम्रो व्यक्तिगत जीवनमा र चर्च समुदायमा यस शिक्षाको उपादेयतालाई आत्मसात् गर्दा के भलो हुन्छ भनेर एक आपसमा छलफल गर्नुहोस्। पवित्र स्थानको सेवाकार्यको परिप्रेक्ष्यमा जुन प्रतिज्ञाहरू हामीलाई दिइएको छ, त्यसलाई बुझेर यस संसारलाई हामी अझ कस्तो प्रभावशाली येशु भक्तको पहिचान दिन सक्दछौं र उपर्युक्त प्रतिज्ञाको फाइदा हामीले कसरी लिन सक्दछौं?



अध्याय १२

# येशुको अचूक पुरोहितीय सेवाकार्यको फलोत्पादकता

**यस अध्ययनका निम्ति पढ्नुहोस्ः** प्रस्थान २५ः८, मत्ती २७ः५०,५१, प्रेरित ७ः५४-५६, हिब्रु ६ः१९,२०, ७ः२३-२८, ८ः१,२, हिब्रु ९।

**स्मरण गर्नुपर्ने पदः** “अब हामीले भनिरहेका धेरै कुराहरूमा मुख्य विषय त यो होः हाम्रा यस्ता प्रधान पुजारी हुनुहुन्छ, जो स्वर्गमा महान् परमेश्वरका सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ।" हिब्रु ८ःरू

परमेश्वरले यस संसारलाई सृष्टि गरेको धेरै समय पछि....हाम्रा प्रथम पुर्खा पापको धरापमा फसे.......। मानव जीवन संक्रमणकालीन अवस्थामा गुज्रिरहेको अवस्थामा मानव जातलाई फेरि कसरी पुनर्स्थापित गर्ने र सारा जगत्लाई पापबाट कसरी सुरक्षा राख्ने परमेश्वरको प्रथम चिन्ता बनेको थियो। भैपरिआएमा त्रिएक परमेश्वरको एक सदस्यले मृत्युको सास्ती भोग्नुपर्ने योजनाको निर्णय परमेश्वरको परिषद्मा भैसकेको थियो (प्रकाश १३ः८)। यस जगतलाई पापको आधिपत्यबाट छुट्कारा दिनुपर्ने पूर्व-ज्ञान परमेश्वरमा थियो। यही योजनाअनुसार मानिस र जगतलाई उद्धार गर्न येशुले आफुलाई मृत्युमा सुम्पिएर जोखिममा पार्नुको विकल्पको अरू सृजना त्रिएक परमेश्वरले गर्नुभएको थिएन।

“परमेश्वरको यस सर्वोच्च पुनीत प्रयत्नमा मानिसको सहभागिता र सहकारिताको अपरिहार्यतालाई ध्यानमा राखेर, परमेश्वरले झटपट हाम्रा प्रथम पुर्खालाई उपर्युक्त योजनाका बारेमा सूचित गरियो। अनि यसै बेला परमेश्वरले उनीहरू र पछिका पुस्ताहरूलाई यो योजनालाई निरन्तर रूपमा सम्झाइराख्न एक शिक्षाप्रद साधन राखिदिनुभएको थियो। -रोय आदमस्, द सान्ट्युरी (हेगरटाउन, मेरीलाण्ड, रिभ्यु एण्ड हेराल्ड, १९९३) पृ. १७,१८। त्यो शिक्षाप्रद साधना अरू कुनै नभएर पवित्र स्थानमा गरिने सेवाकार्य नै थियो।

यहूदीहरूको माझमा पवित्र स्थान वा मन्दिर नै उनीहरूको आराधनाको केन्द्र थियो। यहाँ हुने यावत सेवा कार्यको कार्यकलाप र विधिहरूले मसिहको आगमनद्वारा नै मानव संसार र जगतको उद्धार हुन्छ भनेर देखाउन लक्षित गरिएको थियो (हिब्रु ९) र यसले स्वर्गको मन्दिरमा येशुको पुरोहितीय कार्यको पनि प्रतिविम्व गरेको थियो। यस अध्यायमा स्वर्गको पवित्र मन्दिरको बारेमा र त्यहाँ येशुले कस्तो सेवाकार्य गरिरहनुभएको छ, त्यसको बारेमा संक्षिप्त रूपमा सिंहावलोकन गर्नेछौं।

**१. प्राचीन पवित्र स्थानमा (मन्दिर) चलाउने उपकरणहरू र सेवाविधिहरूले के देखाउँछ (Pointers from the Ancient Tabernacle) (प्रस्थान २५:९,४०)**

परमेश्वरले मोशालाई साइनाई (सिने) पर्वतमा स्वर्गको पवित्र स्थानलाई देखाउनु भएर, त्यसको नमुनाअनुसार यहाँ पनि पवित्र स्थान बनाउनु भनेर निर्देशन दिनुभएको थियो (प्रस्थान २५:९,४०)। कतिपय मानिसले त्यस मन्दिरको हरेक किला, काँटा वा काठको धार्मिक अर्थ छ भनेर तिनीहरू त्यसको अर्थमा अलमल्लिरहे तापनि, पुरानो करारमा देखाएका पवित्र मन्दिरमा सञ्चालन गरेका हरेक विधिको र उपकरणले के सिकाउँछ भनेर हामीले गम्भीर रूपमा लिनु पर्दछ। त्यहाँ संचालन गरेका हरेक प्रतीकको अर्थलाई विस्तृत रूपमा अर्थ नखुलाएको हुनसक्दछ; यथार्थतामा भन्ने हो भने जब मोशालाई स्वर्गको नमूना अनुसार मन्दिर बनाउन निर्देशन दिइयो, त्यहाँ संचालन गर्ने विधि र उपकरणको भेद खुलाएको थिएन। यद्यपि पुरानो करार र नयाँ करारका पुस्तकहरूमा दिइएका त्यस पवित्र वासस्थानमा चलाइने विधि र उपकरणका बारेमा अध्ययन गर्दा, हामीले त्यस पौराणिक मन्दिरमा चलाएका सेवा कार्यले स्थानीय अर्थलाई पार गरेर सर्वोच्च अर्थतिर औंल्याउँछ भनेर राम्रैसँग निष्कर्षमा पुग्न सक्दछौं। उदाहरणस्वरूप त्यहाँका केही विविध विधिहरू र उपकरणहरू यहाँ प्रस्तुत गर्दछौंः



**उपसंहार**

थप जानकारीका निम्ति पढ्नुहोस्ः एलेन जि ह्वाइटद्वारा लिखित, *"इन द होली अभ् होलिज्,"* पृ.४२३-४२६, *द ग्रेट कन्ट्रोभर्सी* पुस्तकमा, "द टेवचनाकल एण्ड इट्स सर्भिसेज्," पृ. ३५०-३५८, *पेट्रियार्क एण्ड प्रोफेटस्* पुस्तकमा।

"पवित्र स्थानको ज्ञानले १८४४ सालमा भएको नैराश्यताको रहस्यलाई बन्द गरिएको ताल्चालाई खोलिदिन्छ। यसले सारा सत्यलाई श्रृङ्खलाबद्ध रूपमा सुवव्यवस्थित तरिकाले जोड्दै उजागर गरिएको पाउँछौं। महान् एडभेन्टिस्ट आन्दोलन, परमेश्वरको हातले निर्देशन गर्नु भएकोथियो भनेर यसको अध्ययनले बताउँछ, र साथै उहाँका मानिसहरूको काम र स्थितिलाई प्रकट गर्दै वर्तमान युगमा उनीहरूको कामकर्तव्य कस्तो हुनुपर्दछ भनेर देखाउँछ।"-एलेन जि ह्वाइट, *"इन द पोजिशन एण्ड वर्क अभ हिज पिपुल्स्"* पृ. ४२३, *द ग्रेट कन्ट्रोभर्सी* पुस्तकमा।

"स्वर्गको पवित्र स्थानलाई, परमेश्वरको बासस्थान, उहाँको राजकाजको थलो, र जगत्‌को मुख्य केन्द्र स्थल हो भनेर मैले देखेको छु। यसको अस्तित्व सदासर्वदा थियो। तर मानिस पापमा फसेपछि यसमा अर्को काम थपिएको थियो, त्यो हो, सारा सृष्टिलाई माथ गर्ने विद्रोहको समाधान र जगतको सुरक्षाको अभिभारा। यही परिप्रेक्ष्यमा पौराणिक समयमा भएको बलिप्रथा र विधिविधानहरूलाई हेर्दछौं। हाम्रा पाप मोचनको लागि कस्तो विधि अपनाउनुपरेको रहेछ भनेर हाम्रो रंगिन चस्माले हामी हेर्दछौं"-ग्वाय आदमस्, *द सान्ट्युरी,* पृ. ७१।

"स्वर्गको पवित्र मन्दिर रित्तो भएको छ भनेर म चित्रण गर्न सक्दिनँ। जुनसुकै आकारको भए तापनि परमेश्वरको सिंहासन त्यहाँ छ र त्यसको वरिपरि अनगिन्ती स्वर्गदूतहरू छन्। हाम्रो दृष्टिकोणमा सबभन्दा महत्त्वपूर्ण कुरा त हाम्रा लागि त्यहाँ सर्व गुणले सम्पन्न मूल पुरोहित येशु आफै उपस्थित हुनुहुन्छ। उहाँको गरिमामय उपस्थितिले नै त्यो मन्दिर भरिएको हुन्छ। हाम्रो लागि यो कस्तो सौभाग्यको कुरा

हिब्रुको पुस्तकले हामीलाई अनुग्रहको आसनमा निडर र ढुक्क भएर खडा होऔं भनेर निमन्त्रणा गर्दछ (हिब्रु ४:१६)। यसमा धेरै अर्थहरू लगाउन सकिन्छ, तर त्यसमध्ये एउटा प्रश्न त, के परमेश्वरको अगाडि येशुको आगमन पछि मात्र खडा हुने देखाउँछ कि, अहिले नै हामी खुला रूपमा उहाँको सामीप्य उभिन सक्दछौं? स्वर्गको मन्दिरमा परमेश्वरको अगाडि पुग्न येशुले हाम्रो ढोका खोलिदिनुभएको छ। त्यसकारण अब येशुलाई विश्वास गर्दै हाम्रो आत्मालाई उहाँको अपार अनुग्रहले शुद्ध पारेर पवित्र स्थानमा जाने अवसर मात्र प्राप्त हुने होइन, परमेश्वरको अपरिवर्तनीय व्यवस्था (दस आज्ञाहरू) प्रति नयाँ किसिमले सराहनाको अनुभूत हुन सक्दछौं (हिब्रु ८:१०)। यस किसिमको कारोबार अत्यन्त महत्त्वपूर्ण छ किनभने यसले एडभेन्टिस्टहरूले उठाएका प्रसङ्ग "असल र खराबका बीचमा भइरहेको महान् विवादको" पुष्टि गर्दछ। पवित्र वासस्थानको सेवाकार्यले उपर्युक्त प्रसङ्गलाई खुलस्त पार्दछ भनेर हामी दावी गर्दछौं। विश्वास र आस्थाद्वारा निश्चय भएर त्यस पवित्र स्थानमा हामी प्रवेश गर्न सक्दछौं जहाँ येशुले हाम्रा निम्ति सेवाकार्य गर्दै हुनुहुन्छ। त्यहाँ, सारा असमानतालाई पराजित गर्दै त्यस प्रभु येशुसँग टाँसिरहन्छौं जसको स्थायी प्रतिज्ञाको प्रतीक करारको सन्दुक, जीवित परमेश्वरको सिंहासन, विद्यमान छन्। यो सिंहासनको जग नै न्याय र कृपा हो। यस्तो बोध पाएको हुनाले हामी परमेश्वरको व्यवस्था वा आज्ञाहरूलाई शिरोपर गर्दछौं र त्यसबाट विचलित हुँदैनौं न त परमेश्वरको पवित्र शबाथलाई त्याग्दछौं जसलाई नकार्दा विकासवाद्को सिद्धान्त फस्टाएको छ र जीवित सृष्टिकर्ता परमेश्वरको अस्तित्वलाई आफ्नो जगत्बाटै अपदस्थ गर्न अथक प्रयास भइरहेको छ। पवित्र स्थानको सिद्धान्तले हामीलाई परमेश्वरका विरुद्धमा विद्रोह गर्नबाट सुरक्षित गर्दछ, र उहाँका बाँकी विश्वासीहरूलाई यस विद्रोही संसारबाट सुरक्षा प्रदान गर्दछ।



क. बिहान र बेलुका हुने बलि प्रथा (प्रस्थान २९:३८-४२, गन्ती २८:१-६)

ख. पवित्र समर्पित रोटी र सामदान (प्रस्थान २५:२३,३०,३१,३७)

ग. वार्षिक प्रायश्चित्त दिनका विधिविधानहरू (लेबी १६, हिब्रु ९:१-१२)

घ. मूल पुरोहितका वस्त्रहरू (प्रस्थान २८:६-२१)

बिहान र बेलुका चलाउने बलि प्रथाले यो प्रतीकलाई औंल्याउँछ "ती इस्रायल राष्ट्रले परमेश्वर यहोवा माथि दैनिक भरोसा राख्नुपर्दछ, र तिनीहरू येशुको रगतमा निरन्तर रूपमा भर पर्नुपर्दछ" (एलेन जि ह्वाइट, *पाट्रियार्कस् एण्ड प्रोफेटस्,* पृ. ३५२)। पुरानो करारमा उल्लेख गरिएका पवित्र रोटीको अर्थ येशुलाई देखाउँछ भनेर नयाँ करारमा धेरै ठाउँमा उल्लेख गरेको पाउँछौं (उदाहरण स्वरूप, मत्ती २६:२६, युहन्ना ६:४८-५१)। "मन्ना र मन्दिरमा राखिएका पवित्र रोटीले येशु जीवित रोटी हुनुहुन्छ र उहाँ परमेश्वरका सामु हाम्रा निम्ति सदासर्वदारहनु हुन्छ भनेर देखाउँछन्" (एलेन जि ह्वाइट, *पाट्रियार्कस् एण्ड प्रोफेटस्,* पृ. ३५४) त्यसै गरी सामदानमा राखिएको दियोले येशुको प्रतीक हो भनेर देखाउँछ, उहाँले भन्नुभयोः "संसारको ज्योति म नै हुँ" (युहन्ना ८:१२)। "मूल पुरोहितको वस्त्रमा रहेका अमुल्य रत्नहरूमा इस्रायलाका कुल घरानाहरूका नाम कुँदिएको हुन्थ्यो, यसको अर्थ एलेन जि ह्वाइटअनुसार येशु जो हाम्रा महान् मूल पुरोहित हुनुहुन्छ, उहाँले आफ्नो रगतलाई बाजी राखेर परम प्रभु पिताका सामु, हरेक पश्चात्ताप गरेका र विश्वास गरेका मानिसको नाउँ उहाँको हृदयमा कुँदिएको छ भनेर प्रस्तुत गर्नुहुन्छ" (रोय आदमस्, *द सानच्युरी,* पृ. ३८ र एलेन जि ह्वाइट, *पाट्रियार्कस् एण्ड प्रोफेटस्,* पृ. ३५१)

यस संसारको पवित्र मन्दिरको विधिविधानहरू र उपकरणहरूको समीक्षा गर्नुहोस्। यसले मुक्तिको महान् योजनाका बारेमा तपाईंलाई कस्तो बोध गराउँछ?

२ पवित्र स्थानको सारा उपकरणहरू र विधिविधाले येशुलाई नै निर्देशित गर्दछ (**All Pointers Led to Him**)

"हेर, संसारको पाप उठाई लैजाने परमेश्वरको थुमा" युहन्ना १:२९ । युहन्नाले येशुलाई "परमेश्वरको थुमा" भन्नुको तात्पर्य के हो?

मरुभूमिमा स्थापना भएको पवित्र स्थान इजरायलीहरूको लागि सयौं वर्षसम्म आराधनाको केन्द्रस्थल बनेको थियो। जबसम्म इजरायलीहरू परमेश्वरको विश्वासमा रहे तबसम्म तिनीहरूले यस स्थान र कार्यविधिलाई मुक्तिको योजनाको थलोको रूपमा मानेका थिए। यो इजरायलीहरूले आफ्ना पापको प्रायश्चित्त गरेर परमेश्वरसँग मिल्न आउने एक मिलन स्थान थियो। जब पवित्र बासस्थानको निर्माण गरेर त्यसलाई समर्पण गरिएको थियो, त्यसबेला अलौकिक ढंगले परमेश्वरको उपस्थितिको बोध भएको थियो जसले गर्दा ती इजरायलीहरूको मनस्थितिमा उहाँप्रति गहिरो छाप परेको थियो।

यद्यपि, त्यस मन्दिरको समर्पण गरिने बेलामा परमेश्वरको उपस्थितिले भविष्यमा यस संरचनाले सामना गर्नुपर्ने ध्वंसको कुनै सङ्केत दिइएको थिएन। बेबिलोन (आधुनिक इराक) का सैनिकहरूले यस मन्दिरको पूरा नाश गरेका थिए। पछि फेरि यस मन्दिरको पुनःनिर्माण गरिए तापनि पहिलाको जस्तो यश थिएन। तथापि येशुले थाहा पाएको र उहाँको पाउ परेको मन्दिर यही नै थियो। र दुई हजार वर्ष अघि जब यरुशलेम बाहिर येशुलाई क्रुसमा झुन्ड्याइएको थियो, त्यही मन्दिरको महा पवित्र भाग र पवित्र भागलाई छुट्याउने पर्दा माथि देखि तलसम्म रहस्यमय पूर्वक च्यात्तिएको थियो (मत्ती २७:५१)।

"त्यस समय बेलुकाको बलि चढाउने विधि सुरु हुन लागेको थियो। येशुको प्रतीक थुमालाई बलि चढाउन ठीक भइरहेको थियो। तर भुँइचालो गयो र अचम्मको आवाज आएर अदृश्य हातले मन्दिरको भित्री भागको पर्दा माथिदेखि तलसम्म च्यातियो जसले गर्दा कुनै समय परमेश्वरको उपस्थिति हुने पवित्र स्थानमा भीडको आँखा गाढियो। अब



५. प्रभु येशुले हाम्रा निम्ति निरन्तर हाम्रो पक्षमा पैरवी गर्ने ज्ञानले हामीलाई पार्ने प्रभाव (**The Difference It Makes**) - भाग २

हरदम प्रभु येशु हाम्रो पक्षमा बोलिरहनुभएको छ, भन्ने ज्ञान पाएको हुनाले र त्यसलाई स्विकार गरेको कारणले हामी दयालु र उदार र धिर हुनुपर्दछ। यही गुणहरू येशुले हामीहरूप्रति प्रदर्शन गर्नुभएको थियो। जसरी हामीप्रति येशुले सदाशयी, करुणामय, दयालु, स्नेही, मायालु, क्षमाशील र अनुग्रही हुनुभयो, हामी पनि सदाशयी, करुणामय, दयालु, स्नेही, मायालु, क्षमाशील र अनुग्रही हुनुपर्दछ। येशुले हाम्रो निम्ति अथाह त्याग गर्नुभएको तथ्यप्रति सजग हुँदै हामी नैतिकतामा निष्कपट र सीधा, अनि सदासर्वदा कृतज्ञ हुनुपर्दछ। यो सर्वविदितै छ, कुनै एडभेन्टिस्टले अरू मतका इसाईहरूसँग अन्तर्क्रिया गर्दा, तिनीहरू पनि सदाशयी, करुणामय, दयालु, स्नेही, मायालु, क्षमाशील र अनुग्रही गुणले परिपक्व भएको उसले नपाएको त होइन। तर, यथार्थमा, हामीलाई परमेश्वरको पवित्र मन्दिरको ज्ञान भएको कारणले, अरू र हामीमा के भिन्नता छ त? (अरूभन्दा हामी असल छौं भन्ने भान हामीले दिन चाहेको त छैनौं, तर पृथ्वीमा रहेका पवित्र स्थान र स्वर्गमा रहेको पवित्र स्थानको अतिरिक्त ज्ञानले हामी येशुप्रति झन कस्तो श्रद्धा अर्पण गर्दछौं र समर्पित हुने अवसर प्रदान गर्दछ भन्ने देखाउन चाहन्छौं-अनुवादकको प्रतिक्रिया)

उपर्युक्त ज्ञानले हामीलाई परमेश्वरप्रति अझ वढी बफादारी र आस्थावान् बन्ने संरचना प्रदान गर्दछ भन्नुमा अनुपयुक्ति नहोला। जब हिब्रुको लेखकले परमेश्वरप्रति आफ्ना पाठकवृन्दको विश्वासमा सुदृढ भएको चाहेको थियो, त्यसबेला उसले सबैको ध्यान पवित्र मन्दिर र त्यसमा भएका सेवाकार्यहरूमा केन्द्रित गरेको थियो।

हिब्रु १०:१९-२५ पढ्नुहोस्। यहाँ हामीलाई के व्यावाहारिक सन्देश दिएको छ, र उपर्युक्त सन्देशले हाम्रो जीवनमा प्रभाव पारेर हामी कस्तो जीवन बिताउनुपर्दछ र अरूसँगको सम्बन्धमा कस्तो असर पार्न सक्दछ?

पन्छाउँछ। प्रथम तरिकाले हेर्दा त्यसको नतिजालाई ख्याल गर्दै, यस अध्यायमा जस्तो छ त्यस्तै पढेर यसले के भन्छ त्यसलाई ध्यान दिएर पढ्नु हो। यदि हामीले यसो गऱ्यौं भने हाम्रा मुख्य जिज्ञासाहरूलाई यसरी जवाफ दिन्छ भनेर देखाउँछन्ः

अ. प्रथम करारमा जे भयो (पुरानो करारमा दिएको पवित्र स्थानको सेवाकार्य) त्यो केवल अस्थायी प्रावधान मात्र थियो। मानिसहरूको जीवनमा मौलिक सुधार ल्याउन यो अप्रयाप्त थियो, किनकि बलि प्रथाहरू र विविध विधिहरू त्यो भन्दा महान् कुरालाई औंल्याउँने प्रक्रिया थियो।

आ. त्यो महान् के थियो, अब भैसकेको थियो। येशु आउनुभयो। उहाँ नै सक्कली वा असल मूल पुरोहित हुनुहुन्छ (हिब्रु ९:११), उहाँ जब स्वर्गको पवित्र मन्दिरमा भित्रिनुभयो, त्यसबेला "भेडाबाख्रा वा पाडाहरूको रगतबाट होइनः बरु.....आफ्नै रगतबाट सदाका निम्ति उद्धारको कार्य सम्पन्न गर्नु भयो" (पद १२)

इ. पौराणिक विधिविधानमा भेटीहरू वा विधिहरूले केवल बाहिर मात्र पिरिवर्तन ल्यायो वा शुद्ध गरियो (पद १३), तर मानिसको भित्री रूपमा रुपान्तर भएको थिएन वा पिरिवर्तन ल्याउन सकेको थिएन। तर येशुको रगत हाम्रो भित्री हृदयभित्र पुग्छ, जसले गर्दा "हाम्रो कामद्वारा मृत्युमा दोहऱ्याउँछ भन्ने विवेकलाई शुद्ध पार्दछ, जसको फलस्वरूप हामीले जीवित परमेश्वरको सेवा गर्न सकौं।" (पद १४)।

ई. हाम्रा निमित्त येशुले रगत बगाउनुभयो। अब उहाँ हाम्रा लागि परम प्रभु परमेश्वरको नजिक मूल पुरोहित भएर खडा हुनुभएको छ (पद २४-२८)।

हिब्रु ९ फेरि गौण पूर्वक हेर्नुहोस्। यसले हाम्रा लागि के महत्त्वपूर्ण सन्देश दिइरहेको छ? त्यहाँ के यस्ता प्रतिज्ञाहरू छन् जसले तपाईंलाई विशेष गरेर हौसला प्रदान गर्दछ?



एकै तालमा परमेश्वरको पवित्र शेकिनाह रहेको ठाँउ र जहाँ परमेश्वरको महिमा करुणाको आशनमा प्रकट हुन्थ्यो सार्वजनिक रूपमा खुला गरियो। अब पृथ्वीमा बनेको महा पवित्र स्थान पवित्रमा गनिन छोड्यो।" अनि एलेन जि ह्वाइटले नाटकीय ढंगमा त्यहाँ घटेको घटनालाई यसरी प्रस्तुत गर्छिन्ः "त्यहाँ अन्यौल र आतङ्क छाएको थियो। पुरोहितले पाठालाई बलि चढाउनैलागेको थियो, तर उनको कामेको हातबाट चक्कु खस्छ र पाठो भाग्दछ। जब परमेश्वरको पुत्रको मृत्यु भयो प्रतीकसँग यथार्थ मिल्यो। महान् बलिदानको काम सम्पन्न भयो। जीवित आवाजले आराधना गर्नेहरूलाई यो आवाज निकालेको जस्तै भयोः अब मन्दिरमा चलाएका पापको प्रायश्चित्त गरेको देखाउने सबै विधिविधानहरू र बलिप्रथाको अन्त्य भयो । परमेश्वरको वचन अनुसार परमेश्वरको पुत्रको आगमन भयो।- एलेन जि ह्वाइट, द *डिजायर अभ् एजेज्,* पृ. ७५६,७५७।

धेरै इसाईहरूले यरुशलेममा परमेश्वरको मन्दिरलाई पुनःनिर्माण गरेर संसारको अन्त्यको चिन्ह यही हो भन्न खोजेको पाउँछौं। फेरि मन्दिरको पुनःनिर्माण भयो र बलिप्रथाको सुरु गरियो भने पापको समस्यालाई समाधान गर्न अब त्यो लाभप्रद किन हुँदैन?

### ३. हाम्रो मूल पुरोहित (Our High Priest) हिब्रु ७:२५

हिब्रु पुस्तकको प्रथम केही अध्यायहरूमा स्वर्गदूतहरू र तिनीहरूको स्थिति, मोशा र मरुभूमिमा भएका अनुभूतिहरू, यहोशु र कनान देशमा विजय गर्दाको बयान, भविष्यवक्ता वा परमेश्वरका प्रवक्ताहरू, अब्राहम र मेलशिजेडक आदिका बारेमा धेरै कुराहरू पावलले उल्लेख गरेको पाउँछौं। तर जब ऊ हिब्रु ८ को पद १ मा पुग्दा अप्रत्याशित रूपमा हामीलाई मूल कुरामा लक्षित गर्न आह्वान गरेको पाउँछौं।

हिब्रु ८:१,२ पढ्नुहोस्। यी पदहरूमा प्रेरित पावलले सबै कुरा भनेपछि के मूल विन्दुलाई लक्षित गर्न खोजेको पाउँछौ?

पौराणिक इजरायलीहरूको जमातको माझमा भौतिक संरचना

पवित्र स्थान वा मन्दिर खडा गरेको थियो। उपासना गर्ने साधारण इजरायलीहरू र पवित्र स्थानको महा पवित्र कक्षको बीचमा धेरै बारहरू थिए। त्यस भित्री पवित्र स्थलमा जानका लागि धेरै पुजारीहरू, लेबीहरू (मन्दिरका सेवक वा पहरेदारहरू र जान नहुने स्थानहरूलाई पार गरेर जानु आवश्यक थियो। तर, अब, हिब्रुका लेखकले भन्दछन्, येशु, हाम्रो स्वर्गका पुजारी र हाम्रा लागि पैरवी गर्नुहुनेले, स्वर्ग कै त्यस महा पवित्र कक्षको ढोका उघारी दिनुभयो, जसले गर्दा जीवित परमेश्वरको सिंहासनको सामु हाम्रो पहुँच हुन सक्दछ। "अब हामी ढुक्क भएर अनुग्रहको सिंहासनको सामीप्यमा आऔं, ताकि हामीले दया पाऔं र हामीलाई आवश्यक परेको बेलामा हाम्रो मद्दतका निम्ति अनुग्रहले भरिपूर्ण भएर सामर्थ्य प्राप्त गर्न सकौं" पवित्र लेखकले लेख्दछन् (हिब्रु ४:१६)। स्वर्गमा, येशु हाम्रो निम्ति मध्यस्थ वा पैरवि गर्ने हुनुहुन्छ।

हाम्रा लागि के मध्यस्थ गर्दै हुनुहुन्छ भनेर विस्तृत रूपमा हामीलाई ज्ञान नभए तापनि मानवीय दृष्टिकोणले बाइबलमा धेरै उदाहरण प्रस्तुत गरेका छन् जसले गर्दा येशुको उपर्युक्त कार्यलाई बुझ्न सकिन्छ। मोशाको जीवनमा दुई पटक यस्तो घटना घटेको थियो जसले गर्दा मध्यस्थताको भूमिकालाई स्पष्ट पार्दछन्ः कादेशमा भएको विद्रोह (गन्ती १४:१०-२०) र इजरायलीहरूले सुनको बाछो बनाएर उच्छृङ्खल हुँदा उसले के गऱ्यो (प्रस्थान ३२:९-१४, ३०-३२)। यिनीहरू अत्यन्त प्रभावशाली पदहरू हुन। पछिल्लो पदहरूमा मोशाले परमेश्वरका अगाडि अत्यन्त अनुनय भएर बिन्ती गरेको उल्लेख गरेको पाउँछौंः "तर अब तिनीहरूको पाप क्षमा गर्नुहोस- यदि गर्नुभएन भने मेरो नाउँ तपाईंले कोर्नु भएको जीवनको पुस्तकबाट हटाइदिनुहोस्" (पद ३२)। यही पुरोहित्याइँ खालको कार्य दानियलले पनि गरेका थिए भनेर हामीलाई देखाइएको छ (दानियल ९) र येशुले आफ्नो महा यातना भोग्नुपूर्व परमेश्वरको अगाडि प्रार्थना गरेकोबाट पनि हाम्रा लागि पैरवी गर्नु भनेको के हो सो बुझ्न सकिन्छ (युहन्ना १७)।



हिब्रुको पुस्तकबाट यहाँ केही पदहरू दिएका छन् त्यसलाई केलाएर हेर्नुहोस् जसले हाम्रो स्वर्गका मूल पुजारीले स्वर्गमा हाम्रा निम्ति के गर्दै हुनुहुन्छ भनेर उल्लेख गर्दछन्ः हिब्रु २:१८, ७:२५,८:३-१०, ९:११-१४, १०:११-१७। अझ महत्त्वपुर्ण र सान्दर्भिक प्रश्न त आफैलाई सोध्नुहोस्ः प्रभु येशुले हाम्रा निम्ति के गर्दै हुनुहुन्छ भनेर बोध भएपछि उहाँसँग हिंड्ने अवसरलाई मैले कसरी लाभप्रद बनाउन सक्दछु? यी प्रतिज्ञाहरूलाई वा हाम्रा निम्ति प्रदान गरिएका बाचाहरूलाई आत्मसात् गर्दै परमेश्वरमा कसरी ढुक्क भएर हिंड्ने? ती प्रतिज्ञाहरूलाई हाम्रो व्यक्तिगत जीवनको व्यवहारमा कसरी उतार्ने?

### ४. प्रभु येशुले हाम्रा निम्ति निरन्तर हाम्रो पक्षमा पैरवी गर्ने ज्ञानले हामीलाई पार्ने प्रभाव (The Difference It Makes) - भाग १

"अब हामी ढुक्क भएर अनुग्रहको सिंहासनको सामीप्या आऔं, ताकि हामीले कृपा पाऔं र हामीलाई आवश्यक परेको बेलामा हाम्रो मद्दतको निम्ति अनुग्रहले भरिपूर्ण भएर सामर्थ्य प्राप्त गर्न सकौं।" यस हिब्रु ४:१६ ले हामीलाई के बाचा दिएको छ? हामीले के गर्नुपर्छ भनेर निर्देशन दिएको छ? तपाईंको जीवनमा यसलाई कसरी चलनचल्तीमा ल्याउनुहुन्छ?

येशु केवल मुक्तिदाता मात्र हुनुहुन्छ भनेर ज्ञान हुनेको भन्दा उहाँ हाम्रो मूल पुजारी पनि हुनुहुन्छ भनेर ज्ञान हुनेहरूका लागि आत्मिक रूपमा के फाइदा हुन्छ? यस विषयमा हामीले दुई भाग गरेर हेर्नेछौं। सायद हामीले हिब्रु ९ ले यस विषयमा के भनेर मद्दत दिन्छ भनेर साधारण रूपमा हेर्नु असल हुनसक्दछः

यस अध्यायलाई धेरै प्रकारले हेर्न सकिन्छ। एउटा तरिका त यसको भाषा र शब्दको सही अर्थलाई हेर्न सक्दछौं। यसका शब्दहरू र वाक्यहरूलाई केलाउँदै, अर्थ लगाउँदै विशुद्ध रूपमा शैक्षिक दृष्टिकोणबाट त्यसको महत्त्वलाई बुझ्न सक्दछौ। तर अर्को तरिका, जुन त्यत्तिकै अकाट्य छ, तर त्यसले उपर्युक्त शैक्षिक दृष्टिकोणलाई